नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
चलानी नं.:-

मिति: २०८१/०९/२६

प्रेस विज्ञप्ती

श्रम सम्बन्धी बिषयमा नेपाल सरकारलाई परामर्श दिने उद्देश्यले श्रम ऐन २०७४ को दफा १०२ बमोजिम गठन हुने केन्द्रीय श्रम सल्लाहकार परिषदको मिति २०८१/०९/२६ मा परिषदका अध्यक्ष एवं श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री मा शरत सिंह भण्डारीको अध्यक्षतामा बसेको बैठकले महत्वपूर्ण निर्णयहरु गर्दै सम्पन्न भएको छ।

बैठकले केन्द्रीय श्रम सल्लाहकार परिषदको अघिल्लो बैठकले गरेका निर्णयको कार्यान्वयनको अबस्थाको समीक्षा गर्दै श्रम प्रशासन, सामाजिक सुरक्षा तथा व्यवसायजन्य सुरक्षा क्षेत्र सुधारका लागि महत्वपूर्ण निर्णय गरेको छ। अन्तर्राष्ट्रिय श्रम सङ्गठनको महासन्धि ८१ श्रम निरीक्षण सम्वन्धी महासन्धि, १९४७ र महासन्धि ८७ सङ्गठनको स्वतन्त्रता र सङ्गठित हुने अधिकारको संरक्षणसम्वन्धी महासन्धि, १९४८ र बाध्यकारी श्रम महासन्धि, १९३० सम्वन्धी २०१४ को प्रोटोकल २९ को अनुमोदन प्रक्रिया अगाडी बढाउन मन्त्रालयलाई सिफारिश गर्ने, व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्वन्धी प्रावधानहरुलाई व्यवस्थित गर्न (क) व्यवसायजन्य रोगहरुको सूचि, (ख) कार्यस्थलमा उत्सर्ग हुने ताप सम्वन्धी मापदण्ड र (ग) राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम स्वीकृत गरी कार्यान्वयन ल्याउन सिफारिश गरेको छ ।

यस वाहेक, बैठकले न्यूनतम पारिश्रमिक निर्धारण गर्न समितिको कार्य थप व्वस्थित बनाई पुनरावलोकनको कार्य अगाडी बढाउन र सामाजिक सुरक्षा दायरा अभिवृद्धी गर्ने लगायतको विषयमा महत्वपूर्ण निर्णयहरु गरेको छ। बैठकले यही २०८१ फाल्गुन १६ र १७ गते काठमाडौमा आयोजना गरिने श्रम तथा रोजगार सम्मेलनलाई सफलता र पूर्णताका लागि महत्वपूर्ण सुझाव प्रदान गर्दै श्रम सम्वन्धी ऐन कानुनमा समसामयिक परिमार्जन गर्न सुझाव दिनुका साथै बैठक सम्बन्धी कार्यविधिको मस्यौदा तयार गर्न समेत मन्त्रालयलाई सिफारिश गरेको छ।

प्रवक्ता

टेलिफोन नं.:- ०१-४२११९६३, ४२००४७६, ४२११६७८, ४२११७९१, फ्याक्स नं.:- +९७७-०१-४२११८७७,
फ्र नं.:- १६६००१५०००५, श्रमाधान कल सेन्टर फोन:- ११४१, ईमेल:- admin@moless.gov.np/info@moless.gov.np, वेब साईट:- www.moless.gov.np